नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि सूचना तथा प्रशिक्षण केन्द्र**
**हरिहरभवन, ललितपुर**

*फोन नं १-५५२२२४८/५४२५६१७/ ५४२२२५८*
*Email:info@aitc.gov.np*
*Web: www.aitc.gov.np*

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम २०८२ साल कार्तिक देखि २०८२ साल पौष मसान्त सम्मको स्वतःप्रकाशन तथा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरणः-

## स्वतः प्रकाशन

कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनबाट हुने कार्यसम्पादनहरुलाई खुला र पारदर्शी बनाई सार्वजनिक महत्वका सूचनामा आम नागरिकहरुको पहुँचलाई सरल र सहज बनाउने उद्देश्यले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक ३/३ महिनामा प्रकाशन गर्नु पर्ने यस कार्यालयको सूचना अन्तर्गत हाल यस आर्थिक वर्षको मिति २०८२ साल कार्तिक देखि २०८२ साल पौष मसान्त सम्मको सम्पादन गरिएका मुख्य कामहरुको त्रैमासिक विवरण जानकारीका लागि प्रकाशन गरिएको छ।

## १) निकायको स्वरुप र प्रकृति

**परिचय**

नेपाल सरकारको निर्णय अनुसार २०७५ श्रावण महिना देखि कृषि सूचना तथा संचार केन्द्र र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष लाई एक ठाउँमा गाभी कृषि सूचना तथा प्रशिक्षण केन्द्रको रुपमा कायम गरिएको छ। कृषि सूचना तथा संचार केन्द्रले परम्परागत कृषि पेशालाई ज्ञानमा आधारित व्यावसायिक कृषिमा रूपान्तरण गर्न आम संचार माध्यमको उपयोग गरी कृषि प्रविधियुक्त सामाग्री र जानकारीमूलक सूचनाहरु कृषक, कृषि उद्यमी, प्रसारकर्ता र सरोकारवालाहरू समक्ष पुर्याउने मूख्य जिम्मेवारीका साथ वि.सं. २०२२ सालमा कृषि विभाग मातहत कृषि सूचना शाखाको नाममा हालको कृषि सूचना तथा संचार केन्द्रको स्थापना भएको हो । आम संचारका विभिन्न माध्यमहरु मध्ये वि.सं. २०१८ सालदेखि बन तथा कृषि मन्त्रालयद्वारा प्रकाशन शुरु गरिएको कृषि द्वैमासिक पत्रिका लगायत अन्य पुस्तिका, फोल्डर, पोष्टर एवं कृषि डायरी वि.सं. २०२२ सालदेखि र कृषि क्यालेण्डर आ.व. २०४५।४६ देखि नियमित रुपमा प्रकाशन तथा वितरण हुँदै आएका छन् । वि.सं. २०१८ सालमा ग्राम सेवा कार्यक्रम अन्तर्गत रेडियो कृषि कार्यक्रम प्रसारण शुरु भई वि.सं. २०२३ साल मंसिर २५ देखि रेडियो नेपालबाट नियमित रुपमा कृषि कार्यक्रम प्रसारण भईरहेको छ । वि.सं. २०४६ सालदेखि श्रव्य दृष्य कार्यक्रम अन्तर्गत भिडियो डकुमेन्ट्री तयार गरी नेपाल टेलिभिजनबाट प्रसारण गराउन शुरु भएकोमा वि.सं. २०५४ सालदेखि नेपाल टेलिभिजनबाट नियमित रुपमा कृषि कार्यक्रम प्रसारण गर्दै आएको छ ।

त्यसै गरि प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित भई कृषि क्षेत्रको समग्र विकासका लागि सरकारी, निजी र गैहसरकारी निकाय एवं नागरिक समाजबाट कृषि अनुसन्धान तथा विकास सम्बन्धी आयोजना प्रस्तावहरू माग गरी उपयुक्त एवं प्राथमिकता प्राप्त आयोजनालाई पूर्ण वा आंशिक रूपमा अनुदान दिई सरकारी सेवाको न्यायोचित वितरणद्वारा कार्यक्रम संचालन गर्ने उद्देश्य राखी कार्य संचालन कोष ऐन २०४३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रिपरिषद) ले मिति २०५८।०८। २५ को निर्णयानुसार "राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष २०५८" स्थापना भएको हो । स्थापनाकाल देखि कृषि (बाली, बागवानी, पशुपालन र मत्स्यपालन) उत्पादन तथा उत्पादकत्व बृद्धि र खेती प्रणाली सुधार, उपयोगकर्ताको माग अनुरुप र कृषक परिवारको अतिरिक्त आय आर्जन हुने किसिमका कृषि (बाली, बागवानी, पशुपालन र मत्स्यपालन) अनुसन्धान तथा प्रसार, विरुवा तथा पशु स्वास्थ्यमा जलवायु परिवर्तन अनुकूलन एवं उत्पादनमा अभिवृद्धि, प्राकृतिक श्रोतको दिगो उपयोग तथा श्रोतका आधार र वातावरण संरक्षण, औषधीजन्य तथा सुगन्धित विरुवाहरुको खेती, उत्पादन र मूल्य अभिवृद्धि, कृषि व्यापार, कृषि व्यवसाय, कृषि पर्यटन, कृषि प्रशोधन, खाद्य स्वस्थता, गुणस्तर नियन्त्रण र नीतिगत मुद्दाहरु जस्ता कोषका वृहत प्राथमिकता क्षेत्र रहेकाछन् । कोषका वृहत प्राथमिकता क्षेत्र भित्र रही विभिन्न आयोजनाहरुलाई र कृषि विषयमा स्नातकोत्तर र विद्यावारीधि गर्ने विद्यार्थीहरुलाई विभिन्न विषयमा अनुशन्धान गर्न thesis grant -थेसिस ग्राण्ट _अनुदान स्वरुप उपलव्ध गराउदै आईएको छ । केहि आयोजनाहरु संपन्न भैसकेका छन भने केहि आयोजनाहरु संचालित छन्। कृषि सेवाका विभिन्न समुहमा रहि संघ,प्रदेश र स्थानिय तहमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरुलाई कृषि र पशु विज्ञान संवन्धी विभिन्न विषयमा तालिम प्रदान गर्ने कार्य पनि २०७५ श्रावण १ गतेवाट यसै कृषि सुचना तथा प्रशिक्षण केन्द्रको जिम्मेवारीमा आएको छ ।

कृषिको सूचनालाई रेडियो टेलिभिजन पत्रपत्रिकालगायत आधुनिक सञ्चारका माध्यमहरुको प्रयोग गरी कृषकहरु समक्ष हस्तान्तरण भइरहेको सन्दर्भमा देशको पुन संरचना गर्ने क्रममा कृषि सेवामा गरिएको सुधारमा कृषि तथा पशुपन्छी क्षेत्रको तालिम, सूचना तथा सञ्चार र प्रकाशनको जिम्मेवारीका साथै साविकको कृषि अनुसन्धान तथा विकास कोषबाट अनुदान प्राप्त आयोजनाहरुको समेत व्यवस्थापनका लागि कृषि सूचना तथा प्रशिक्षण केन्द्र गठन गरिएको छ।






**<u>उद्देश्य (Objectives)</u>**

- आधुनिक सूचना प्रविधिको प्रयोगद्वारा कृषक, कृषि प्रसार कार्यकर्ता तथा अनुसन्धानकर्ता बीचको अन्तरसम्बन्ध बढाई ज्ञानमा आधारित कृषि प्रणाली अपनाउन कृषक समुदायलाई उन्मुख तथा अभिप्रेरित गर्ने।
- कृषि क्षेत्रमा समग्र रुपमा हासिल भएका वैज्ञानिक उपलब्धीहरु, खाद्य पोषण, कृषि बजार र कृषि व्यवसाय, सहकारी सम्बन्धी प्रविधि तथा अन्य विविध सूचना जानकारीहरुमा नीति निर्माता, सरकारी तथा गैह्र सरकारी निकायमा कार्यरत कृषि प्राविधिकहरु, कृषि वैज्ञानिकहरु, कृषि उपज प्रशोधन तथा बिक्री वितरणमा संलग्न व्यक्ति संघ संस्थाहरु, सहकारीहरु एवं कृषकहरुको पँहुच सरल र सुलभ गराउने।
- संघ, प्रदेश र स्थानीय स्तरमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धिका लागि प्राविधिक तथा अन्य विशिष्ट प्रकृतिका तालिम कार्यक्रम सञ्चालन गर्ने।
- माग र औचित्यताका आधारमा कृषक/कृषि उद्यमीहरु समावेश गर्ने गरी तालिम कार्यक्रम सञ्चालन गर्ने।
- किसान सूचीकरण प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने।

## निकायको संगठनात्मक संरचना

कूल दरबन्दी-४४

**प्रमुख**
**(कृषि/समूहकृत नहुने रा.प.प्र.प्रा)- १**

### कृषि तालिम शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
बाली विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली विकास) १
मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/मत्स्य) १
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली संरक्षण) १
प्राविधिक सहायक रा.प.अं.प्र.प्रा (कृषि/कृषि प्रसार) १

### कृषि सूचना र समन्वय शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बाली विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली विकास) १
कृषि प्रसार अधिकृत रा.प.तृ.प्रा (कृषि/कृषि प्रसार) १

### पशुपन्छी तालिम शाखा

वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा (कृषि/ला.पो.डे.डे) १
पशु चिकित्सक रा.प.तृ.प्रा (कृषि/भेटेरिनरी) १
पशु सेवा प्राविधिक रा.प.अं.प्र.प्रा (कृषि/ला.पो.डे.डे) १

### प्रशासन शाखा

ना.सु रा.प.अनं.प्र (प्र/सा.प्र) १
लेखापाल रा.प.अनं.प्र (प्र/लेखा) १
कम्प्युटर अपरेटर रा.प.अनं.प्र (विविध) १
खरिदार रा.प.अनं.द्वि (प्र/सा.प्र) १
हसचा श्रेणीविहीन ४
का.स. श्रेणीविहीन ५

### कृषि अनुसन्धान तथा विकास प्रतिस्पर्धी कोष व्यवस्थापन शाखा

वरिष्ठ कृषि अर्थ विज्ञ रा.प.द्वि.प्रा (कृषि/एग्री इको) १
कृषि प्रसार अधिकृत रा.प.तृ.प्रा (कृषि/कृषि प्रसार) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
पशु विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/ला.पो.डे.डे) १

### प्रकाशन शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली संरक्षण) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
पशु विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/ला.पो.डे.डे) १

### प्रसारण शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली संरक्षण) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
पशु चिकित्सक रा.प.तृ.प्रा (कृषि/भेटेरिनरी) १
रेडियो प्रसारक अधिकृत रा.प.तृ.प्रा (विविध) ३
क्यामेराम्यान रा.प.अनं.प्र. (विविध) १
प्रेस म्यान रा.प.अनं.प्र. (विविध) १
सहायक क्यामेराम्यान रा.प.अनं.द्वि. (विविध) १

२) **निकायको काम, कर्तव्य र अधिकार**

- कृषि सूचना तथा सन्चार र कृषि क्षेत्रको मानव संसाधन विकास सम्वन्धमा नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण गर्ने,
- राष्ट्रिय कृषि तथा पशुपन्छी मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- कृषि सूचना तथा सन्चार र मानव संसाधन विकास सम्बन्धी केन्द्र वा कृषि सम्वन्धी तालिम केन्द्रको मापदण्ड विकास तथा कार्यान्वयन र नियमन गर्ने,
- नेपाल सरकारले कृषि, पशुपालन, अनुसन्धान, खाद्यपोषण, कृषि वातावरण संरक्षण, कृषि भूमि व्यवस्थापन, कृषि बजार र व्यवसाय, सहकारी लगायतको प्रवर्द्धनका लागि अवलम्वन गरेका नीति एवं नियम कानूनवारे जानकारी प्रसारण गर्ने,
- कृषि तथा पशुपन्छी सम्बन्धी विषयको तालिमको राष्ट्रिय स्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्वदेशी एवं विदेशी सहभागीहरुको लागि कस्टोमाइज्ड तालिम कोर्स सन्चालन गर्ने,
- अनुसन्धानबाट विकास गरिएका प्रविधि एवं अन्य श्रोतबाट प्राप्त वा सिर्जित प्रविधि एवं कृषक तथा अन्य सरोकारवालाको माग एवं आवश्यकता बमोजिमको सूचना तथा जानकारी छिटो छरितो रुपमा प्रकाशन एवं प्रसारण गर्ने,
- कृषि सूचना तथा जानकारी छिटो छरितो रुपमा कृषक र अन्य सरोकारवाला समक्ष पुऱ्याउन सूचना प्रविधिको अलावा अन्य नवीनतम र प्रभावकारी माध्यमको खोजी एवं प्रयोग गर्ने,
- कृषकमा रहेको परम्परागत ज्ञान, शिप र प्रविधिको खोज एवं संकलन, डकुमेन्टेशन एवं प्रकाशन तथा प्रसारण गर्ने,
- कृषि प्रविधि एवं कृषि सम्वन्धि अन्य सवै खाले जानकारी र सूचनाको राष्ट्रिय भण्डार (National repository) को रुपमा कार्य गर्ने,
- प्रदेश एवं स्थानीय तहका कृषि सूचना तथा संचार सम्वन्धी कार्य गर्ने निकायहरुको क्षमता विकास तथा पृष्ठपोषण र समन्वय गर्ने,
- साविक राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषवाट प्रतिशपर्धी सहायता प्राप्त गरी संचालनमा रहेका कार्यक्रमहरुको अभिलेख व्यवस्थापन गर्ने,
- किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा सहजीकरण गर्ने,
- सार्क कृषि सूचना केन्द्र (SAC) को राष्ट्रिय फोकल विन्दुको रुपमा कार्य गर्ने,
- निजीक्षेत्र मैत्री कृषि सञ्चार पद्दति विकास सम्वन्धी कार्यहरु गर्ने,

३) **निकायको कर्मचारी विवरण**

| क्र. स. | पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख | १ | १ | - | |
| २ | वरिष्ठ कृषि प्रसार अधिकृत | ४ | ३ | १ | पदपूर्ति भएको ३ जना मध्ये १ जना प्रशुति विदामा र १ जना लामो समयको घर विदामा |
| ३ | वरिष्ठ कृषि अर्थ विज्ञ | १ | १ | - | |
| ४ | वरिष्ठ पशु विकास अधिकृत | १ | - | १ | |
| ५ | वागवानी विकास अधिकृत | ४ | ३ | १ | |
| ६ | बाली विकास अधिकृत | २ | २ | - | १ जना अध्ययन विदामा |
| ७ | मत्य विकास अधिकृत | १ | - | १ | |
| ८ | बाली संरक्षण अधिकृत | ३ | १ | २ | |
| ९ | कृषि प्रसार अधिकृत | २ | १ | १ | |
| १० | पशु चिकित्सक | २ | २ | - | |
| ११ | पशु विकास अधिकृत | २ | २ | - | |
| १२ | रेडियो प्रसारक अधिकृत | ३ | - | ३ | |
| १३ | प्राविधिक सहायक | १ | १ | - | |
| १४ | पशु सेवा प्राविधिक | १ | १ | - | |
| १५ | नासु | १ | १ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | लेखापाल | १ | १ | - | |
| १७ | क्यामेरामेन | १ | - | १ | सेवा समुह गठन तथा श्रेणी विभाजन नियमानुसार पदनाम नमिलेको |
| १८ | प्रेस मेन | १ | १ | - | सेवा समुह गठन तथा श्रेणी विभाजन नियमानुसार पदनाम नमिलेको |
| १९ | कम्प्युटर अपरेटर | १ | १ | - | २०८१ साल चैत्र देखि संघीय मामिलामा तथा सामान्य प्रशासन मन्त्रालयमा काजमा |
| २० | सहायक क्यामरामेन | १ | १ | - | सेवा समुह गठन तथा श्रेणी विभाजन नियमानुसार पदनाम नमिलेको |
| २१ | खरिदार | १ | १ | - | |
| २२ | ह.स..चा. | ४ | १ | ३ | करारमा पदपूर्ति गरिएको |
| २३ | का.स. | ५ | ० | ५ | करारमा पदपूर्ति गरिएको |
| | **कुल** | ४४ | २५ | १९ | |

४) **निकायबाट प्रदान गरिने सेवा:**

**यस केन्द्रमा रहेका विभिन्न शाखा मार्फत निम्नानुसारको सेवा प्रदान गरिन्छ।**

**कृषि तालिम शाखा**

- संघ, प्रदेश र स्थानीय स्तरमा कार्यरत कृषि सेवा अन्तर्गतका प्राविधिक कर्मचारीहरुको लागि समसामयिक विषयमा तालिम पाठ्यक्रम विकास ,समयानुकूल परिमार्जन ,तालिम कार्यक्रम तर्जुमा एवं संचालन गर्ने।

**पशुपन्छी तालिम शाखा**

- संघ, प्रदेश र स्थानीय स्तरमा कार्यरत पशुपन्छी सेवा अन्तर्गतका प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न लागि तालिम सञ्चालन गर्ने,

**कृषि अनुसन्धान तथा विकास कोष व्यवस्थापन शाखा**

- साविक राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषवाट प्रतिश्पर्धी सहायता प्राप्त गरी संचालनमा रहेका कार्यक्रमहरुको अभिलेख व्यवस्थापन गर्ने
- किसानहरुलाई उपलव्ध गराउने सेवा/सुविधा/अनुदानको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा स्वयम् कृषक, सहजकर्ता वा सरकारी निकायको सहयोगमा किसानहरुको वैयक्तिक तथा कृषि व्यवसाय सम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत संकलन/प्रविष्ट गरी किसानको पहिचान तथा वर्गीकरण गर्न **किसान सूचिकरण प्रणालीको व्यवस्थापन र सञ्चालन गर्ने।**

**प्रकाशन शाखा**

- अनुसन्धानबाट विकास गरिएका प्रविधि एवं अन्य श्रोतबाट प्राप्त वा सिर्जित प्रविधि एवं कृषक तथा अन्य सरोकारवालाको लागि उपयोगी सूचना तथा जानकारी छिटो छरितो रुपमा प्रसारको लागि केन्द्रले निम्नानुसारका कृषि तथा पशुपन्छी डायरी, कृषि त्रैमासिक पत्रिका, प्राविधिक पुस्तिका लगायत प्रकाशन गरी वितरण गर्ने र अभिलेख राख्ने।

**प्रशारण शाखा**

आम सञ्चार माध्यमबाट कृषि, पशुपालन, बागवानी, मत्स्य, खाद्य प्रविधि तथा गुण नियमन, कृषि बजार र अन्य कृषि सम्बन्धी प्राविधिक ज्ञान एवं सूचनामूलक जानकारीहरू प्रसारणबाट कृषक, उद्यमी एवं व्यवसायी तथा प्राविधिकहरुको सीप तथा दक्षता अभिवृद्धि गर्ने, उपभोक्ताहरुमा खाद्य स्वच्छता सम्बन्धी सचेतना अभिवृद्धि गर्नुका साथै समग्रमा कृषि पेशा प्रति आकर्षण बृद्धि गर्न

- रेडियो कृषि कार्यक्रम उत्पादन गरी सार्वजनिक सेवा प्रसारण नेपाल मार्फत प्रसारणको लागि व्यवस्था मिलाउने ,
- श्रव्यदृष्य- कृषि कार्यक्रम उत्पादन गरी नेपाल टेलिभिजनलाई प्रसारणको लागि व्यवस्था मिलाउने,
- कृषि,पशु सेवा र खाद्य पोषण सम्बन्धी गिती संग्रह, अडियो क्लिप्सहरु, जिंगल, भिडीयो डकुमेन्ट्री उत्पादन गर्ने,
- निजी तथा सार्वजनिक मेडियाहरुसँग समन्वय तथा सहकार्य गरी सो सँग सम्बन्धित कार्यक्रम संचालन गर्ने ।

**<u>कृषि सूचना र समन्वय शाखा</u>**

- कृषक, कृषि व्यवसायी, अनुसन्धानकर्ता तथा सरोकारवाला निकायलाई बैज्ञानिक,उपयोगी तथा विश्वसनीय सूचना उपलब्ध गराउन तथा कृषक तथा सरोकारवालाको जिज्ञासा समाधान गर्न **कल सेन्टर संचालन गर्ने,**

**<u>प्रशासन शाखा</u>**

- केन्द्रको जनशक्ति तथा जिन्सी व्यवस्थापन,
- कागजात अभिलेख राख्ने,
- अन्य शाखाहरुसँग समन्वय र सहजीकरण गर्ने।

## ५) <u>निकायको शाखा र जिम्मेवार अधिकारी</u>

**कृषि तालिम शाखा**

- डा. प्रकाश राज विष्ट — वरिष्ठ कृषि प्रसार अधिकृत
- गृष्मा गुरागाई — बागबानी बिकास अधिकृत
- कृष्ण तामाङ्ग — प्रविधिक सहायक

**पशुपन्छी तालिम शाखा**

- डा. प्रकाश राज विष्ट — वरिष्ठ कृषि प्रसार अधिकृत
- डा.संजिव पंडित- पशु चिकित्सक
- अनिता थारू- प्राविधिक सहायक

**कृषि अनुसन्धान तथा विकास प्रतिस्पर्धी कोष व्यवस्थापन शाखा**

- शशि अधिकारी- वरिष्ठ कृषि अर्थ विज्ञ
- समिक्षा बडाल- कृषि प्रसार अधिकृत
- मीन बहादुर के.सी.- बागबानी बिकास अधिकृत
- डा.पुजा बराल- पशु विकास अधिकृत

**प्रकाशन शाखा**

- प्रज्ञा श्रेष्ठ- वरिष्ठ कृषि प्रसार अधिकृत (हाल विदामा)
- स्तुति आचार्य- बाली संरक्षण अधिकृत
- बलारामकृष्ण बन्जाडे- पशु विकास अधिकृत
- सुरज लामा-सिनियर प्रेस म्यान
- गिता वोगटी-फोटोग्राफर

**प्रसारण शाखा**

- डा. प्रकाश राज विष्ट-वरिष्ठ कृषि प्रसार अधिकृत
- डा. शान्ती कुँवर-बागबानी बिकास अधिकृत
- कृति आचार्य- बागबानी विकास अधिकृत
- महोदत्त चापागाई- कार्यक्रम उत्पादक
- लक्ष्मी भुषाल-आवाज विज्ञ
- मनोहर न्यौपाने-क्यामेरा म्यान
- काशीनाथ दवाडी-सहायक रेडियो प्रसारक
- विद्यासागर ताम्रकार-भिडियो सम्पादक
- सुजन श्रेष्ठ-क्यामेरा म्यान
- नरेश प्रसाद न्यौपाने-सहायक रेडियो प्रसारक

**कृषि सूचना र समन्वय शाखा**

- सन्दिप सुवेदी -वरिष्ठ कृषि प्रसार अधिकृत (हाल घर बिदामा)
- चित्रकला चौहान-बाली बिकास अधिकृत

**प्रशासन शाखा**

- पुष्पराज सुवेदी —नायब सुब्बा
- राम गणेश राय- लेखापाल
- आग्रह आचार्य-खरिदार
- रविन्द्र खत्री- ह.स.चा.
- राजेश काफ्ले-ह.चा.स.(हाल मन्त्रालयमा काजमा)
- प्रकाशमान श्रेष्ठ-ह.चा.स.
- अर्जुन अधिकारी-ह.चा.स.
- शिवमाया लिम्बु-का.स.
- ललिता देव-का.स.
- दिपकराज सेढाई-का.स.
- राजकुमार तिमल्सिना-का.स.
- विमला खत्री-छात्रावास सरसफाई
- तिल कुमारी तिमल्सिना-बगैचा सरसफाई
- बाल कुमारी नेपाली-स्वीपर

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट दस्तुर लाग्ने प्रकृतिको कुनै पनि सेवा प्रवाह हुँदैन।

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयबाट निर्णय गर्दा स्वीकृत ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुलाई परिपालन गर्ने गरिएको छ। यसको अलावा आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका लागि निम्न वमोजिमको व्यवस्था गरिएको छ। केन्द्रमा व्यवस्था गरिएको खरिद ईकाई र मुल्याङ्कन समिति मार्फत खरिद प्रकृयाको सिफारिस हुने,

- **पाठ्यक्रम समिति** मार्फत तालिम पाठ्यक्रम तयारी गरिने,
- **कृषि सञ्चार निर्देशक समिति र कृषि सञ्चार प्राविधिक समिति** माफर्त केन्द्रबाट सञ्चालन हुने प्रकाशन र प्रसारणका कार्यलाई प्रभावकारी तथा सान्दर्भिकता, गुणस्तरियता कायम हुने गरी प्राथमिकता निर्धारण गर्ने लगायतका मार्गदर्शन तथा निर्देशन प्राप्त गरिने,
- आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका सामूहिक निर्णयहरु नियमित रुपमा बसिने staff meeting बाट गरिने,
- सबै कर्मचारीहरुले आफूले प्राप्त गरेको **कार्यविवरणका आधारमा** कार्यहरु सम्पादन गर्ने र सम्पादन गरिएका कामहरुको आन्तरिक अनुगमन तथा मूल्याङ्कन हुने.

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने यस कार्यालयबाट प्रदान गरिएका सेवा प्रति भएका गुनासो वा प्रश्नहरु केन्द्र प्रमुख समक्ष पेश गर्न सकिनेछ।

९) सम्पादन गरेको कामको विवरण: दोस्रो त्रैमासिकमा केन्द्रबाट संचालन गरिएका प्रमुख कार्यहरु यस प्रकार रहेका छन्।

| क सं | लक्षित क्रियाकलाप | प्रगति | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धि |
|---|---|---|---|
| १ | **कृषि तथा पशुपन्छी तालिम संचालन** | जम्मा १३ वटा तालिम सम्पन्न | प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धि भएको |
| २ | रेडियो नेपाल र नेपाल टेलिभिजनसंगको सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण (दैनिक) | नियमित रुपमा उत्पादन तथा प्रसारण | कृषि प्राविधिक सूचना, सफलताका कथा एवं प्राविधिक जानकारीहरु सम्प्रेषण भइ कृषि उत्पादन वृध्दि एवं बजारीकरणमा टेवा पुगेको |
| ३ | किसान कल सेन्टरका लागि विज्ञ परामर्श | केन्द्रको टोल फ्रि नं. मा किसानवाट दैनिक प्राप्त हुने प्राविधिक जिज्ञासाहरु सम्वन्धित विज्ञहरुमा Call forwarding हुने व्यवस्था गरिएको। | किसानका प्राविधिक जिज्ञासा विज्ञहरुमार्फत समाधान भइरहेको।यस त्रैमासिक सम्ममा १३९ जना किसानहरुका प्राविधिक जिज्ञासाहरुको सम्वन्धित विज्ञहरुमार्फत समाधान दिइएको । |
| ४ | मौसमी/प्रविधि एस.एम.एस सूचना प्रवाह | हरेक हप्ताको शुक्रवार SMS मार्फत मौसमी तथा प्राविधिक सूचनाहरु प्रवाह गर्ने कार्यलाइ निरन्तरता दिइएको | करिव २६००० किसानहरुलाइ Early warning पद्धति मार्फत सुचना प्रवाह गरि सम्भावित जोखिम न्यूनिकरण गर्न सहयोग पुगेको। |
| ५ | किसान सूचिकरण कार्यक्रम | किसान सूचिकरण कार्यलाइ निरन्तरता दिइएको । बागमती, मधेश र लुम्बिनी प्रदेशमा किसान सूचीकरण प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न। | • किसान सूचिकरण तथा वर्गीकरणको कार्य तदारुकताका साथ अगाडि बढ्दै गरेको । हालसम्म २३ लाख ८३ हजार किसान प्रणालीमा सूचिकृत भएको ।<br>• स्थानीय तहका प्राविधिक र सूचना प्रविधि (IT) का कर्मचारीहरु गरी जम्मा ६८ जना सहभागीको क्षमता अभिवृद्धि भएको। |

**दोस्रो त्रैमासिकमा केन्द्रबाट संचालन गरिएका कृषि तथा पशुपन्छी तालिमहरु निम्न वमोजिम रहेको छ।**

| क्र.स. | तालिमको नाम | प्रगति | प्रशिक्षार्थीको कुल संख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Livestock Data Analysis तालिम - १ हप्ते( ToT ) | १ | २१ | ४ | १७ | **दोस्रो त्रैमासिकमा लक्ष्य रहेका र सम्पन्न गरिएका** |
| २ | अधिकृतस्तर Meat Inspection Training (२ हप्ते) | १ | २० | ५ | १५ | " |
| ३ | सहायकस्तर सुन्तलाजात बगैंचा व्यवस्थापन तालिम ३ दिने(Training ) | १ | १६ | ४ | १२ | " |
| ४ | प्रयोगशाला प्रविधि तालिम १ हप्ते ( Training ) | १ | १९ | ६ | १३ | " |
| ५ | किसान सूचीकरण प्रशिक्षक प्रशिक्षण तालिम | २ | ४२ | १६ | २६ | " |
| ६ | Laboratory Technical Audit Training( Laboratory Technical Audit ) | १ | १९ | ८ | ११ | " |
| ७ | Officer level National E Government Procurement (e-GP) System Training | १ | १५ | ३ | १२ | **पहिलो त्रैमासिकमा लक्ष्य रहेका** |

| क.स. | तालिमको नाम | प्रगति | प्रशिक्षार्थीको कुल संख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | तर दोश्रो त्रैमासिकमा सम्पन्न गरिएका |
| ८ | पशुपालन असल अभ्यास तालिम | १ | १९ | ५ | १४ | |
| ९ | सेवा प्रवेश तालिम रा.प.तृ. | २ | ६५ | २८ | ३७ | " |
| १० | किसान सूचीकरण प्रशिक्षक प्रशिक्षण तालिम | १ | २६ | ५ | २१ | " |
| ११ | Sample Collection and Serological Test for Foot and Mouth Disease | १ | १२ | ३ | ९ | " |
| | जम्मा | १३ | २७४ | ८७ | १८७ | |

- **दोस्रो त्रैमासिकमा केन्द्रबाट सञ्चालन गरिने तालिमहरुको लक्ष्य १२ वटा भएकोमा ८ वटा तालिमहरु सञ्चालन गरिएको।**

**रेडियो तथा टेलिभिजन कृषि कार्यक्रम:** यस केन्द्रबाट सार्वजनिक सेवा प्रसारण नेपाल र नेपाल टेलिभिजनसंगको सहकार्यमा उत्पादन तथा प्रसारण (दैनिक) गरिने कृषि कार्यक्रमहरु यस प्रकार रहेका छन्।

| क.स | बार/दिन | रेडियो नेपाल (प्रत्येक साँझ ६:४० — ६:५५) | नेपाल टेलिभिजन (प्रत्येक साँझ ६:४० — ६:५५) |
|---|---|---|---|
| १. | आइतबार | साप्ताहिक कृषि गतिविधि | कृषि संवाद (रैथाने बालीको प्रवर्द्धन,व्यवसायिक मौरीपालन,युवालाई कृषिमा आकर्षण गर्ने विषयमा आधारित) |
| २. | सोमबार | पौरखी कथा | नविन कृषि प्रविधि ( किविका जातहरु, मौरीमा कृत्रिम आहारा व्यवस्थापन,उखु खेति प्रविधि) |
| ३. | मंगलबार | नविन कृषि प्रविधि | किसान प्रश्न मन्च (मौरी पालन सम्बन्धी-लमजुङ्ग,भैसीपालन-सिराहा) |
| ४. | बुधबार | कृषि संवाद | सफल कृषक |
| ५. | बिहिबार | किसान प्रश्न मन्च | कृषिमा महिला |
| ६. | शुक्रबार | जे.टि. ए. र बुढी आमा | कृषि गतिबिधि |
| ७. | शनिबार | रेडियो पत्रिका तथा कृषि नाटक | कृषि टेलि सिरियल "भरोसा युवामा" |

**१०)सूचना अधिकारी र प्रमुखको नाम थर र पद**

कार्यालय प्रमुखः- श्री सवनम शिवाकोटी, प्रमुख
सूचना अधिकारीः श्री डा.प्रकाश राज विष्ट , वरिष्ठ कृषि प्रसार अधिकृत-९८५१३१०६१५
साहयक सूचना अधिकारी: श्री स्तुति आचार्य,९८५७८२०८११

**११) यस केन्द्रसँग सम्बन्धित ऐन, नियम विनियम ,निर्देशिका र कार्यविधिहरुको सूची**

- किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका २०८१
- कृषि सूचना तथा प्रशिक्षण केन्द्रको बार्षिक कार्यक्रम सन्चालन कार्यविधि, २०७८
- Guidelines to Authors: Manuscript Preparation and Submission of Agriculture Development Journal

- किसान सूचीकरण कार्यमा सग्लन्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स) २०८२

**१२)आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण-:**

**आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक अवधिको विनियोजित बजेट तथा खर्चको अवस्था**

| निकायको नाम | वार्षिक बजेट रु. हजारमा | | | दोस्रो त्रैमासिक बजेट रु. हजारमा | | | दोस्रो त्रैमासिक अवधिको खर्च रकम रु. हजारमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु बजेट | पूँजीगत बजेट | कुल बजेट | चालु बजेट | पूँजीगत बजेट | कुल बजेट | चालु खर्च | पूँजीगत खर्च | कुल खर्च |
| कृषि सूचना तथा प्रशिक्षण केन्द्र | ११०६०० | १०४०० | १२१००० | ३८१६३ | २३७० | ४०५३३ | १९७०९.८७ | ०.०० | १९७०९.८७ |

**१३) तोकिए वमोजिमका अन्य विवरण-**

केन्द्र प्रमुख **SAARC Agriculture Center (SAC)** को सदस्य रहने व्यवस्था रहेकाले सो जिम्मेवारी निर्वाह गरेको।

<u>केन्द्रमा सम्पर्क गर्नका लागि</u>

**सम्पर्क नं-**

*१-५५२२२४८/५४२५६१७/*
*५४२२२५८*

*Email:info@aitc.gov.np*
*Web: www.aitc.gov.np*
*You tube: @iiaitcnepal2768*

किसान कल सेन्टरको प्रायोजनको लागि केन्द्रको टोल. फ्री नं-१६६००१९५०००